# त्रिभुवन विश्वविद्यालय

**व्यवस्थापन संकाय**

(परीक्षा नियन्त्रण महाशाखा)

**डीनको कार्यालय**
**कीर्तिपुर, काठमाडौं, नेपाल ।**

**टेलिफोन** : ०१-४३३०८१८, ०१-४३३२७१८, ०१-५९०७९२७ (Exam)
**फ्याक्स** : ९७७-०१-५१९५४२१
E-mail : fomdean@gmail.com
: exam.mgmt.tu@gmail.com
Website : www.fomecd.edu.np
www.tudoms.org


मितिः- २०८० । ०२ । ०९

## MBS तथा MPA कार्यक्रमको तेश्रो सत्रको परीक्षा फाराम भर्ने सूचना

त्रिभुवन विश्वविद्यालय, व्यवस्थापन संकाय, डीनको कार्यालयबाट सेमेष्टर प्रणालीमा सञ्चालित Master of Business Studies (MBS) र Master of Public Administration (MPA) कार्यक्रममा २०७७ साल (सन् २०२१) मा भर्ना भएका परीक्षार्थीहरुको तेश्रोसत्रको नियमित परीक्षार्थी र सन् २०१८ देखि सन् २०२० सम्ममा उल्लेखित कार्यक्रममा भर्नाभई तेश्रोसत्रको नियमित परीक्षामा सामेलभै अनुर्तिण वा अनुपस्थित भएका आंशिक परीक्षार्थीहरु (नियमित परीक्षाको आंशिक परीक्षार्थी) समेतको **तेश्रोसत्रको नियमित परीक्षा** मिति २०८० **आषाढ दोश्रोसातादेखि** संचालन हुने भएकोले आफू सम्मिलित हुन चाहेको विषयहरु स्पष्ट उल्लेखगरी परीक्षा फर्म सम्बन्धित क्याम्पस/कलेजमा मिति २०८० । ०२ । २६ गतेभित्र र सम्बन्धित क्याम्पस / कलेजहरुले उक्त परीक्षा फारम मिति २०८० । ०२ । २९ गतेभित्र यस परीक्षा नियन्त्रण महाशाखामा तपशिल बकोजिमको आवश्यक शूल्क सहित अनिवार्य रुपमा उपलब्ध गराउन सम्वन्धित् क्याम्पस / कलेजहरुलाई यो सूचना प्रकाशित गरिएको छ ।

साथै उल्लेखित कार्यक्रममा भर्नाभै पाठ्यक्रमले निर्धारण गरेको समयसिमा सन् २०२१ सम्ममा कार्यक्रम उर्त्तिण हुन नसकेका परीक्षार्थीहरुको **विषेश मौका** परीक्षा पनि नियमित परीक्षा तालिकाभित्रै संचालन हुने भएकोले त्यस्ता परीक्षार्थीहरुले पनि आ-आफ्नो क्याम्पस / कलेजमा संम्पर्क गरि माथि निर्धारित मितिभित्र तेश्रोसत्रको परीक्षा फाराम भर्नु / भराउनुहुन अनुरोध गरिन्छ ।

तपशिल

**नियमित परीक्षा शूल्कः** प्रति विद्यार्थी प्रति सत्र : रु १५००।-

**आंशिक परीक्षा शूल्कः** प्रति विद्यार्थी प्रति विषय : रु ३००।-

**विलम्ब शूल्क :** मिति २०८० । ०२ । २७ देखि २ दिन सम्म प्रति विद्यार्थी प्रतिसत्र रु ५००।-, दोश्रो २ दिन सम्म प्रति विद्यार्थी प्रतिसत्र रु १,०००।- र त्यसपछिको २ दिनसम्म अन्तिमपटक प्रति विद्यार्थी प्रतिसत्र रु २,५००।- रहेको छ ।

म्यादनाघी वा रीत नपुगी प्राप्त फाराम उपर कुनै कारवाही हुने छैन साथै उक्त परीक्षाको बिस्तृत परीक्षा तालिका पछि प्रकाशित गरिने छ ।

**नोटः**

(क) *नियमित परीक्षार्थिहरुको हकमा दोश्रोसत्रको प्रवेशपत्र / Triplicate Issued by Dean Office / Result Ledger को फोटोकपी र आंशिक परीक्षार्थीहरुको हकमा तेश्रोसत्रको नियमित परीक्षाको Grade Sheet को प्रतिलिपि अनिवार्यरुपमा परीक्षाफारम सँगैं संलग्न गर्नुपर्नेछ अन्यथा उक्त परीक्षार्थीको परीक्षा फाराम स्विकृत गरीने छैन ।*

(ख) *परीक्षा फाराममा विषय सच्चाईएको पाईएमा सो परीक्षाफारम रद्द गरिनेछ र सोको जिम्मेवारी स्वयम् विद्यार्थी हुनेछ ।*

(ग) *परीक्षार्थीहरुको* ***आन्तरिक मुल्याङ्गनको List*** *परीक्षा फाराम संगै संलग्न गरि सो प्राप्ताङ्क परीक्षा फर्ममा समेत उल्लेख गर्नु पर्नेछ ।* ***आन्तरिक मुल्याङ्गन उल्लेख नभएका परीक्षा फाराम स्विकृत गरीने छैन ।***

(घ) *परीक्षार्थीहरुको* ***आन्तरिक मुल्याङ्गनको List*** *यस संकायको email id: mgmtdean.exam@gmail.com मा Excel file format मा अनिवार्य रुपमा उपलब्ध गराउनुपर्नेछ ।*

(ङ) *परीक्षा फारम यस संकायको परीक्षा नियन्त्रण महाशाखाबाट उपलब्ध हुनेछ अन्यथा www.fomecd.edu.np बाट Download गरि Legal size paper मा print गरि भर्न सकिनेछ ।*

(च) *परीक्षाशुल्क व्यवस्थापन संकाय, त्रि. वि. कीर्तिपुरको नेपाल बैंक लिमिटेड, कीर्तिपुर शाखाको च.हि.नं. ०४५-००१-०००९९०६६०००००१ मा जम्मा गरी* ***कार्यक्रम र सत्र अनुसारको छुट्टाछुट्टै सक्कल भैचर*** *परीक्षा फाराम संगै संलग्न हुनुपर्नेछ ।*

डा. श्रीकृष्ण खरेल
सहायक डीन